# आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०८/२६

छाँयानाथ रारा नगरपालिका

छाँयानाथ रारा नगरपालिका

गमगढी, मुगु

# आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०८/२६

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस छाँयानाथ रारा नगरपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोजन गरि आकस्मिक कोष, मर्मत सम्भार कोष, तथा आर्थिक सहायता वितरण कोषको स्थापना गरिएको छ । उल्लेखित कोषहरुबाट गर्नुपर्ने मर्मत सम्भार, पुननिर्माण तथा आर्थिक सहायता वितरण कार्यलाइ नियमित, व्यवस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद १५ दफा १०२ बमोजिम यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४रहेको छ ।

१.२ यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क “कार्यविधि” भन्नाले आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४भन्ने बुझ्नुपर्दछ ।

ख “कोष” भन्नाले आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष तीनवटै कोषहरुलाइ बुझ्नुपर्दछ ।

ग “नगरपालिका” भन्नाले छाँयानाथ रारा नगरपालिका सम्झनुपर्दछ ।

घ “नगरकार्यपालिका” भन्नाले छाँयानाथ रारा नगरकार्यपालिका सम्झनुपर्दछ ।

ङ "नगर प्रमुख" भन्नाले छाँयानाथ रारा नगरपालिकाको नगरप्रमुख सम्झनुपर्दछ ।

च "उपप्रमुख" भन्नाले छाँयानाथ रारा नगरपालिकाको उपप्रमुख सम्झनुपर्दछ ।

छ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छाँयानाथ रारा नगरल कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ज "आर्थिक सहायता" भन्नाले यस यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ ।

झ "वडा समिति" भन्नाले नगरकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

ञ "सभा" भन्नाले रारा छाँयानाथ नगरपालिकाको नगरसभा सम्झनुपर्दछ ।

"प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अति-अना-खण्डवृष्टि, बाढी, पहिरो, शीतलहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विष्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्दछ ।

ट "आकस्मिक कार्य" प्राकृतिक विपद प्रभावित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्दछ ।

"गैरप्राकृतिक विपद" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, विषाक्त ग्याँस, रसायन वा विकिरण, प्यान्डाकि फ्लु, पशु चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाइ, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागि, विषाक्त ग्याँस, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणिय प्रदुषण, वन विनाश, भौतिक संरचनाको क्षति वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

ठ "आर्थिक सहायता" भन्नाले गैर प्राकृतिक विपदबाट पीडित तथा मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, लिभर फेलियर, मस्तिष्क तथा स्पाइनल कर्ड समस्या जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि गरिने आर्थिक सहायतालाई बुझ्नुपर्दछ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणा :**

छाँयानाथ रारा नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका

छाँयानाथरारानगरपालिका

दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

४. लक्ष्य :

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

५. उद्देश्य :

५.१ विपदका लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु,

५.२ विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु,

५.३ विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु,

५.४ विपदको जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु,

५.५ विपद व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु,

५.६ विपद सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन तथा व्यवस्थापन गर्नु,

६. नीति

६.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने, पुनर्स्थापना तथा क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण कार्य गर्ने

६.२ अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

६.३ प्राकृतिक प्रकोपको जोखिममा रहेका मानव वस्ती, भौतिक संरचनाहरुको संरक्षणका तथा जोखिम न्यूनीकरणका लागि आवश्यक कदमहरु चाल्ने,

६.४ मानवीय जीवनमा दीर्घकालिन असर गर्ने गम्भिर प्रकृतिका रोगहरुबाट पीडित आर्थिक रुपमा विपन्न समुदायका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गरि जीवनयापनमा सहजता ल्याउन सहयोग गर्ने,

६.५ मानव निर्मित गम्भिर दुर्घटनामा परेका व्यक्तिहरुको जीवनरक्षाका लागि सहयोग गर्ने,

७. कोष स्थापना :

क आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोष नाम गरेका नाम गरेका तीन छुट्टा छुट्टै कोषहरुको स्थापना गरिनेछ ।

**८. आकस्मिक कोषमा जम्मा गरिएको रकम :**

८.१ नगरपालिकाको नगरसभा मार्फत विनियोजन भएबमोजिम संचित कोषबाट पहिलो पटक रु………………………/- झिकि त्यस्तो रकम आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोषमा जम्मा गरिने छ ।

८.२ आकस्मिक कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

- क प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,
- ख प्रकोपबाट पीडित व्यक्तिको लागि अस्थायी शिविर खडा गर्ने, भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न,लत्ता कपडा,औषधी , शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने,
- ग प्रकोपको कारणबाट घाईते वा विरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,
- घ प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,
- ङ प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,
- च प्रकोप रोकथामका लागि सचेतमुलक कार्यक्रम संचालन गर्ने, पुर्वसावधानी अपनाउने वा पुर्व तयारी (प्रिपेयर्डनेश) गर्ने,
- छ प्रकोपको कारणबाट भएको भौतिक तथा खाद्यान्न बाली क्षति भएमा सो बापतको आर्थिक सहायता,

८.३ मर्मत सम्भार तथा पुननिर्माण कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

- क सर्वसाधारणको दैनिक जीवनयापनमा महत्वपूर्ण प्रभाव पार्ने र तत्कालै निर्माण गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न
- ख प्राकृतिक वा गैर प्राकृतिक कारणबाट क्षति भएका भौतिक संरचना, सार्वजनिक सम्पत्तिहरुको मर्मत सम्भार, तथा पुननिर्माण गर्ने,

८.४ आर्थिक सहायता वितरण कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

क  गैरप्राकृतिक कारणले घटेका अकल्पनीय दुर्घटनाहरुमा परी ज्यान गुमाएकाहरुको परिवार, अंगभंग भएका पीडित, दुर्घटनाको कारणबाट दिर्घरोगी भएकालाई आवश्यक आर्थिक सहयोग (आर्थिक रुपमा अत्यन्तै कमजोर परिवारहरुका हकमा मात्र लागु हुने)

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी छाँयानाथ रारा नगर कार्यपालिकाले स्वयं व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोष बाट रकम खर्च गरिनेछ ।

९.३ बुदा नं.४ मा परिभाषित कार्यहरु बाहेक  देहायका प्रयोजनका लागि उक्त कोषहरु बाट रकम खर्च गर्न सकिने छैन ।

क  कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक ,तलव भत्ता वा सुविधा उपलब्ध गराउन,

ख  कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

ग  कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

९.४ कोषको सञ्चालन :

(१) कोषको रकम समितिबाट राष्ट्रिय वाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकले सरकारी कामकाज गर्न सक्ने भनी तोकेका अन्य वाणिज्य बैंकहरुमा खाता खोली जम्मा गरिनेछ ।

(२) बुँदा (१) बमोजिमको खाता नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति र लेखा अधिकृत वा लेखा उत्तरदायी अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

छाँयानाथ रारा नगरपालिका

## परिच्छेद ४

## कोषहरुको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१०. कोषहरुको वित्तिय व्यवस्थापन :-**

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) नगरसभाबाट कोषहरुका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषहरुमा प्राप्त हुने रकम,

ग) विभिन्न दातृ निकायहरुबाट प्राप्त रकमहरु ।

**११. कोषहरुको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**१२. कोषहरुको रकम बृद्धि गर्न सक्ने**

नगरपालिकाले नगरसभा बाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१३. जाँच पास तथा फरफारक**

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१५. बचाउ र खारेजी**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

छँयानाथरारानगरपालिका

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरकार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

समाप्त

छँयानाथरारानगरपालिका